# प्रदेश घरेलु हिंसा सम्वन्धी नियमावली, २०७५

प्रदेशघरेलु हिंसा सम्वन्धी ऐन, २०७५ कोदफा १६ले दिएका अधिकार प्रयोग गरि प्रदेश सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यीनियमहरुकोनाम " प्रदेशघरेलु हिंसासम्वन्धी नियमावली २०७५" रहेकोछ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-
(क) "उजुरी" भन्नाले ऐनको दफा ३ बमोजिम दिइएको निवेदन वा उजुरी सम्झनु पर्छ ।
(ख) "ऐन" भन्नाले प्रदेश घरेलु हिंसा सम्वन्धी ऐन, २०७५ सम्झनु पर्छ ।
(ग) "उजुरकर्ता" भन्नाले उजुर दिने ब्यक्तिसम्झनु पर्छ ।
(घ) "कोष" भन्नाले ऐन बमोजिम स्थापना हुने संरक्षण कोष सम्झनु पर्छ ।
(ङ) "नियम" भन्नाले प्रदेश घरेलु हिंसा सम्वन्धी नियमावली, २०७५ सम्झनु पर्छ ।
(च) "प्रदेश" भन्नाले प्रदेश नम्बर एक सम्झनु पर्छ ।

३. **उजुरी दर्ता सम्बन्धि व्यवस्था**ः (१) कसैले घरेलु हिंसाको सम्वन्धमा उजुरी दिन चाहेमा अनुसुची —१ बमोजिमको ढाँचामा उजुरी दिनुपर्नेछ ।

तर कसैले मौखिक उजुरी दिएको भएमा वा उजुरी अनुसुची-१ बमोजिमको ढाँचामा नभएमा उजुरकर्तालाईझिकाइ अनुसुची-१ बमोजिमको ढाँचामा उजुरी तयार गरी उजुरकर्ताको सहीछाप गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उजुरी दर्ता किताबमा दर्ता गरी उजुरकर्तालाई अनुसुची-२ बमोजिमको ढाँचामा भरपाईदिनुपर्नेछ ।

(३) उजुरीदर्ताप्रकृया समाप्त भएपछिप्राप्त उजुरीको अध्ययन गरी थप विवरण लिनुपर्ने भएमा उजुरी लिनेअधिकारीले तत्कालैपिडितको घटना विवरण कागज गर्नुपर्नेछ ।

(४) यस नियम बमोजिम दिइएको उजुरी र पिडितसँग गरिएको घटना विवरण कागज समावेश गरी अनुसुची-३ को ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

४. **स्वास्थ्य उपचार सम्वन्धी व्यवस्था** : (१)ऐन र यस नियमावली बमोजिम उजुरीदर्ता भएपछिआवश्यकतापरेमापीडितलाईतत्काल नजिकको सरकारी अस्पतालवानजिकमा सरकारी अस्पताल उपलव्ध नभएमा निजी अस्पतालमा स्वास्थ्य परिक्षण गर्न लैजानुपर्नेछ ।

(२) उपनियम(१) बमोजिम सरकारी अस्पतालमा स्वास्थ्य परिक्षण गराउँदाअस्पतालमा आधारित एकद्वारसंकट ब्यबस्थापन केन्द्र लागु भएका स्थानमा सो केन्द्र मार्फत स्वास्थ्य परिक्षण गराउनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम स्वास्थ्य परिक्षण गर्दा थप स्वास्थ्य परिक्षण वाउपचार गर्नुपर्ने भनि चिकित्सकवाट सिफारिस भएमा थप उपचारको प्रवन्ध मिलाउनुपर्नेछ ।

(४) यस नियम बमोजिम गरिएको स्वास्थ्य परिक्षण र उपचार सम्वन्धि सम्पूर्ण कागजातहरु नियम ३(४) बमोजिमकोअभिलेखमा समावेश गर्नुपर्नेछ ।

(५) यस नियम बमोजिम पिडितको स्वास्थ्य परिक्षण ,उपचार, मनोसामाजिकबिमर्श लगायतको कार्य गर्दा कुनै संघसस्था वा निकायको सहयोग लिन सकिनेछ ।

५. **संरक्षण अधिकृत** : (१) प्रदेशकोप्रत्येक प्रहरी इकाई /कार्यालयमा कम्तीमा प्रहरी सहायक निरिक्षक दर्जाको प्रहरी कर्मचारीलाईसंरक्षण अधिकृत तोकिनेछ ।

तर जिल्ला तहको प्रहरी कार्यालयमा कम्तीमा प्रहरी निरिक्षक दर्जाका प्रहरी कर्मचारीलाईसंरक्षण अधिकृत तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण अधिकृतको व्यवस्था नभए सम्मको लागी संरक्षण अधिकृतकोब्यबस्थाऐन बमोजिम हुनेछ।

६. **एक तह माथि निबेदन दिन सकिने** : (१)संरक्षण अधिकृतले ऐन र यस नियम बमोजिम उजुरी दर्ता गर्न इन्कार गरेको खण्डमा निजभन्दाएक तह माथिल्लोअधिकृत वा कार्यालय प्रमुख समक्ष निवेदन दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको निबेदनदर्तागरी कारवाही गर्न आदेश भएमासंरक्षण अधिकृतले तत्काल उजुरी दर्ता गरी आवश्यक कार्य गर्नुपर्नेछ ।

७. **दीर्घकालीनपुनर्स्थापनागृह** : (१) ऐन बमोजिमकोदीर्घकालीनपुनर्स्थापनागृहको संचालन, व्यवस्थापनर नियमन मन्त्रालयले बनाएको निर्देशिका बमोजिम हुनेछ ।

**स्पष्टीकरण** : यस नियमको प्रयोजनको लागी "दीर्घकालिन पुनर्स्थापना" भन्नाले घरेलु हिंसा पीडितलाईअधिकतम दुईवर्षसम्म तोकिएकोसेवा दिने कार्यलाईजनाउनेछ ।

(२) उपनियम (१) बमोजिम बनाइएको निर्देशिकामामन्त्रालयलेआवश्यकता अनुसार हेरफेर वा संशोधनगर्न सक्नेछ ।

(३) दीर्घकालीन पुनर्स्थापनागृहमारहेकाघरेलु हिंसा पीडितलाई ६ महिना सम्म मापुनर्स्थापना गरिसक्नु पर्नेछ र सो प्रयास सफल हुन नसकेमा मात्र अधिकतम दुईवर्षसम्म दीर्घकालीन पुनर्स्थापनागृहमा राखिनेछ ।

(४) दीर्घकालीनपुनर्स्थापनागृह र सो गृहको शाखा व्यवस्थापनको लागि मन्त्रालयलेसामाजिकविकास संस्थालाईआर्थिक अनुदान दिन सक्नेछ।

(५) उपनियम(३ )बमोजिमआर्थिक अनुदान दिनेसंस्थाको छनौट सम्बन्धि कार्य मन्त्रालयले बनाएको निर्देशिका बमोजिम हुनेछ ।

८. **दीर्घकालीनपुनःस्थापना गृह संचालक समितिको काम, कर्तव्य र अधिकार** :दीर्घकालिन पुनस्थापना गृहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) दीर्घकालीन पुनर्स्थापना गृहको आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) दीर्घकालीन पुनर्स्थापना गृहको शाखा विस्तार गर्नुपर्ने भएमा संभाव्यता अध्ययन गरी मन्त्रालय मार्फत निर्णयको लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ग) दीर्घकालीन पुनर्स्थापना गृहमा रहेका ब्यक्तिहरुलाईदिइनेरोजगारमुलक शीप विकास तालिमकोआवश्यकता पहिचान गरीमापदण्ड र कार्यविधि तयार गर्ने,

(घ) ऐनको दफा ५(५) बमोजीम विस्तार हुने शाखाकोकाम , कर्तब्य र अधिकार सम्बन्धि निर्देशिका तयार गर्ने र त्यस्तो शाखालाइ आवश्यक सहयोग गर्ने,

(ङ) नियम ७( ३) बमोजिमदीर्घकालीन पुनर्स्थापनागृह र सो गृहको शाखा व्यवस्थापनको लागि सामाजिकविकास संस्था लाईआर्थिक अनुदान दि इएको भए उक्त संस्था ले

गरेको काम कारवाहीको अनुगमन र मूल्यांकन गरि मन्त्रालय समक्ष सुझाब सहितको प्रतिबेदनदिने,

(च)मन्त्रालयले समय समयमा तोके बमोजिमकाअन्य कार्य गर्ने ।

९. **अल्पकालीन सुरक्षा आवास** : (१) प्रदेश सरकारको सहयोग वा सहकार्यमाकुनै सामाजिक विकाससंस्थाले अल्पकालीनसुरक्षा आवासस्थापनागरिसंचालन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची- ४बमोजिमकोढाँचामा मन्त्रालय समक्ष निबेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निबेदन जाँचबुझ गर्दा त्यस्तो संस्थाले नियम १० बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले सो संस्थालाई आवश्यक शर्त तोकी अनुसूची — ५ बमोजिमको ढाँचामा अल्पकालिन सुरक्षा आवास स्थापना गरि संचालन गर्न स्वीकृति दिनेछ ।

१०. **मापदण्ड पूरा गरेको हुनु पर्ने** : (१ )अल्पकालिन सुरक्षा आवास स्थापना गरि संचालन गर्न को लागि मन्त्रालयले तोके बमोजिम देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) न्यूनतम आधारभूत सुबिधा सहितको भौतिक संरचना,

(ख) न्युनतम स्वास्थ्य सेवा तथा सुरक्षाको व्यवस्था,

(ग) पीडितको लागि आवश्यकता अनुसार मनोबिमर्ष सेवा, मनोबैज्ञानिक सेवा र कानूनी सहायता उपलब्ध गराउने ब्यबस्था,

(घ) पिडितलाई आर्थिक सहायता उपलब्ध गराउन सक्ने क्षमता,

(ङ) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

(२) उपनियम (१) बमोजिमकोमापदण्डमामन्त्रालयलेआवश्यकता अनुसार हेरफेर वा संशोधनगर्न सक्नेछ ।

१०. **गुनासो सुनवाइ सम्वन्धी व्यवस्था** : (१) ऐनको दफा ९ बमोजिम गुनासो सुनुवाईगर्ने प्रयोजनको लागि सम्वन्धित कार्यालयकोप्रमुख वा निजले तोकेको कर्मचारीलेगुनासो सुनुवाइ अधिकारीको रुपमा कार्य गर्नु पर्नेछ ।

(२) गुनासो सुनुवाइ गर्नेअधिकारीले पीडित वा प्रभावितले दिएको गुनासो उपर तत्काल छानविन गरी बढीमातिनदिनभित्र गुनासोको सम्बोधन गरिसक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भएको सुनुवाईको लिखित प्रतिबेदन गुनासो सुनुवाइ गर्नेअधिकारीले तयार गरि अभिलेख राख्नु पर्नेछ ।

(४) यस नियम बमोजिम दिइएकोगुनासो उपर छानविन गर्दा जिम्मेवारअधिकृतलेपीडित वाप्रभावित व्यक्तिलाईजानी जानी कुनै किसिमको हानीनोक्सान पु—्याएको पाइएमा त्यस्तो अधिकृतलाई प्रचलित कानुनले व्यवस्था गरे बमोजिम विभागीय वा अन्य कारवाहि गर्न कार्यालय प्रमुखले प्रकृया सुरु गर्नुपर्नेछ ।

११. **कोष संचालन समितिसम्वन्धि व्यवस्था** : (१) ऐनबमोजिम गठन हुने संरक्षणकोष संचालक समितिको बैठक सम्वन्धि कार्यविधी सो समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) संरक्षणकोषको रकम खर्च गर्दा कोष संचालक समितिको प्रशासनिक खर्च सोकोषबाट व्यहोर्न पाइनेछैन ।

(३) संरक्षणकोष संचालक समितिको सचिवालय सम्वन्धित् स्थानिय तहले तोकेको कार्यालयमा रहनेछ ।

११. **<u>कोषको रकम खर्च सम्वन्धि व्यवस्था</u>** : (१) ऐनकार्यान्वयनको लागि प्रदेश सरकारवाट कोषमासालवसालीरकमअनुदानस्वरूपउपलब्ध गराउनेछ ।

(२) उपनियम(१) बमोजिम उपलब्ध गराइएको रकम एक आर्थिक बर्षमा खर्च हुन नसकेमासो रकम अर्को आर्थिक बर्षको रकममाथप हुनेछ ।

(३) यसनियम बमोजिम उपलब्ध गराइएको रकम खर्च गर्दा मन्त्रालयले तोकेको सीमा र शिर्षकमा खर्च गर्नु पर्नेछ ।

१२. **<u>कानुन व्यवसायी,दोभाषे र मनोसामाजिक विमर्शकर्ता सम्वन्धी व्यवस्था</u>** : (१) ऐनमा व्यवस्था भए बमोजिमकोकानुन व्यवसायी , दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको सेवा आवश्यकपर्ने पीडितले सम्वन्धित स्थानिय तहमा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिइएको खण्डमा सम्वन्धित स्थानिय तहले आवश्यकता अनुसार कानुन व्यवसायी,दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको सेवा उपलव्ध गराउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सेवा प्रदान गर्ने कानुन व्यवसायी ,दोभाषे वा मनोसामाजिक विमर्शकर्ताको पारिश्रमिक मन्त्रालयलेतोकेकोसीमा भित्र रही सम्वन्धित स्थानिय तह र त्यस्तो सेवा प्रदान गर्ने व्यक्तिबिच आपसी सम्झौताबाटनिर्धारण गर्नसकिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कानुन व्यवसायी ,दोभाषे वा मनोसामाजिक परामर्शकर्ताको सेवा उपलव्ध गराउनु अघि त्यस्तो सेवाको औचित्य र आवश्यकता पुष्ट्याइ गरेर मात्र उपलव्ध गराउनुपर्नेछ ।

१३. **<u>कोषको लेखा र लेखा परिक्षण</u>**: (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम ।

(२) कोषको अन्तरिकलेखापरिक्षण कोष तथा लेखा नियन्त्रक को कार्यालय र अन्तिम लेखा परिक्षणमहालेखा परिक्षकको कार्यालयवाट हुनेछ ।

१४. **<u>अधिकार प्रत्यायोजन</u>** : मन्त्रालयले यस नियमावली बमोजिम आफुलाईप्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकारहरु आफु मातहतका निकाय, समिति , उपसमितिवा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **<u>अनुसुचीमा थपघट तथा हेरफेर गर्न सक्ने</u>**: प्रदेश सरकारले आवश्यकता अनुसार अनुसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१६. **<u>निर्देशिका वा कार्यविधी बनाउन सक्ने</u>**: मन्त्रालयले यस नियमावलीको उद्धेश्यकार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधी वामार्गदर्शन तयार गरि लागु गर्नसक्नेछ ।

## अनुसुची—१

**(नियम ३ को उपनियम १ सँग सम्बन्धित)**

**उजुरीकोढाँचा**

**........प्रहरी कार्यालयमा चढाएको निबेदन/उजुरी**

.......जिल्ला....................न.पा./गा.पा वडा न.....बस्ने वर्ष.....को.................................

निवेदक

विरुद्ध

.......जिल्ला....................न.पा./गा.पा वडा न.....बस्ने वर्ष.....को.................................

विपक्षी

(एक भन्दा धेरै विपक्षी भएमा क्रमशः लेख्ने)

मलाई......................मितिमाविपक्षीलेनिम्न बमोजिम घरे लुहिंसा गरेको हुँदाआवश्यक कारबाहीको लागि तल उल्लेखित प्रमाण साथ यो निबेदन/उजुरी दिएको छु ।

(क) घरेलु हिंसाको प्रकार र बिस्तृत बिबरण : ............................. (यसमा नअटेमा थप पाना राख्न सकिने)
(ख)संलग्न प्रमाणहरु (सम्भव भएसम्म) : १........................२.................:
(ग) अन्य निकायमा उजुरी वा मुद्धा दर्ता गरेको भए सो को विवरण :
(घ) साक्षिको नाम, ठेगानाः
(ङ) यसभन्दा अघि घरेलु हिंसा भएको भए सो सम्बन्धि सामान्य जानकारी :
(च)माँग गरेको उपचार :

**<u>उजुरकर्ताको,-</u>**

नाम, थर :
ठेगाना :
जात/जाति :
भाषाः
धर्मः
पेशा/व्यवसायः
विवाहित/अविवाहित/एकलः
हस्ताक्षरः
मितिः

**अनुसुची—२**

**(नियम ३ को उपनियम२ सँग सम्बन्धित)**

**भरपाईकोढाँचा**

**श्री……………प्रहरी कार्यालय,**

**………………………।**

श्री………………………………………ले यस कार्यालयमा घरेलु हिंसा भएको संबन्धमा दिनु भएको निबेदन/उजुरी दर्ता गरी यो भरपाई दिइएको छ ।

भर्पाइ गरिदिने कर्मचारीको नाम :

दर्जाः

हस्ताक्षरः

कार्यालयको छाप :

मितिः

## अनुसुची– ३

**(नियम ३(४) सँग सम्बन्धित)**

**<u>अभिलेखकोढाँचा</u>**

(१)निबेदन वा उजुरीकोछोटो विवरण :

(२) अन्य निकायमा उजुरी दिएको भए सो निकायको नाम :

(३) पीडितले माँग गरेको उपचार :

(४) निबेदन वा उजुरीमा संलग्न कागजातहरु :

(५) पिडितलाई सहयोग गर्नु पर्ने वा निवेदनमा कुनै कारबाही गर्नु पर्ने सम्बन्धमा उजुरी दर्ता गर्ने अधिकारीकोराय:

**अनुसुची—४**

**(नियम९(१) सँग सम्बन्धित)**

**अल्पकालीनसुरक्षा आवास स्थापना गरी संचालन गर्न स्वीकृतिको लागि निबेदन दिने ढाँचा**

मिति......

बिषय : अल्पकालीन सुरक्षा आवास स्थापना गरि संचालन गर्न स्वीकृति पाउँ।

श्री सामाजिक विकास मन्त्रालय,

प्रदेश नम्बर १, बिराटनगर,

नेपाल।

यससँस्थालेअल्पकालीन सुरक्षा आवास स्थापना गरि संचालन गर्न चाहेकोले स्वीकृति पाउनको लागि प्रदे श घरेलु हिंसा सम्बन्धि नियमावली, २०७५बमोजिम यो निबेदन पेश गरेको छु ।

१. सँस्थाको विवरण :-

(क) सँस्थाको नाम :

(ख) सँस्थाको ठेगाना :

(ग) सँस्थाको प्रमुख पदाधिकारीको नाम र ठेगाना :

(घ) सम्पर्क व्यक्ति :

२. प्रस्तावित सुरक्षा आवासको विवरण :-

(क)सुरक्षा आवास स्थापना गरि संचालन गर्न चाहेको स्थान :

(ख)सुरक्षा आवासको मापदण्ड सम्बन्धि विवरण :

(ग) जनशक्ति विवरण :

(घ) आर्थिक श्रोत :

<u>संलग्नकागजातहरु</u>

(१) सँस्थाको विधानको प्रतिलिपि,
(२) सँस्थाकोदर्ता प्रमाण पत्रको प्रतिलिती

सँस्थाकोअधिकार प्राप्त व्यक्तिको

सँस्थाको छाप

दस्तखतः

नामः

सम्पर्क ठेगाना :

**अनुसुची–५**

**(नियम९(२) सँग सम्बन्धित)**

**अल्पकालीनसुरक्षा आवास स्थापना गरी संचालन गर्न दिईएकोस्वीकृतिको ढाँचा**

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय,

प्रदेश नम्बर १, बिराटनगर

**बिषयः अल्पकालीनसुरक्षा आवास स्थापनागरी संचालन गर्न दिईएको स्वीकृति।**

श्री...................... ।　　　　　　　　　　　　　　　　　　　　मिति......................

यस मन्त्रालयको मिति............. को निर्णय अनुसार त्यस संस्थालाई प्रदेश घरेलु हिंसा सम्बन्धि ऐन, २०७५ तथाप्रदेश घरेलु हिंसा सम्बन्धिनियमावली, २०७५बमोजिमअल्पकालीनसुरक्षा आवास स्थापना गरी संचालन गर्न स्वीकृतिदिईएको छ।

**अल्पकालीनसुरक्षा आवासले पालना गर्नु पर्ने शर्तहरु**

(क)....
(ख) ...
(ग) ...

स्वीकृति दिने अधिकारीको,-

दस्तखतः

नामः

पदः